This file has been cleaned of potential threats.

If you confirm that the file is coming from a trusted source, you can send the following SHA-256 hash value to your admin for the original file.

81b955b171e9087ec294ed70160dcaae4f7065965750155c7b6ae9c81112b747

To view the reconstructed contents, please SCROLL DOWN to next page.

सामाजिक
# सुरक्षा खबर


सामाजिक सुरक्षा कोष
Social Security Fund

सामाजिक सुरक्षा कोषको मासिक प्रकाशन

JULY-AUG 2020 |Vol. 4 | श्रावण, २०७७ | www.ssf.gov.np

## तर्जुमा भयो कोषको
# प्रथम रणनीतिक योजना

*सामाजिक सुरक्षा कोषले आफ्नो पाँच वर्षे प्रथम रणनीतिक योजना तर्जुमा गरेको छ। आर्थिक वर्ष २०७७/७८ देखि२०८१/८२ सम्मका लागि कोषले प्रारम्भिक रुपमा तयार गरेको मस्यौदालाई श्री चन्द्रकला पौडेलको अध्यक्षतामा गठित ६ सदस्यीय समितिले अन्तिम रुप दिएको हो। यस योजनाको सोच, लक्ष्य तथा उद्देश्यहरु देहायबमोजिम रहेका छन्।*




## कोषको अध्यक्षमा राया



सामाजिक सुरक्षा कोषको सञ्चालक समितिको नयाँ अध्यक्ष श्री तोयम राया हुनुभएको छ। नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिव नै सामाजिक सुरक्षा कोषको सञ्चालक समितिको अध्यक्ष रहने प्रावधान रहेको छ। सोहि अनुरुप रिक्त सचिव पदमा सरुवा भएर आएसँगै राया सामाजिक सुरक्षा कोषको अध्यक्षमा स्वतः नियुक्त हुनुभएको हो। राया यसअघि बागमति प्रदेश सचिवको जिम्मेवारीमा रहनुभएको थियो।

## भित्र................................




पेज नं. २
सुरक्षा योजना र यसका अन्तरवस्तुहरु
-आनन्द वंश न्यौपाने



पेज नं. ४
सामाजिक सुरक्षामा दक्षिण अफ्रिकाः एक दृष्टि
- ऋषिराम पाण्डेय



पेज नं. ६
योगदान रकम जम्मा भएनभएको कसरी हेर्ने ?
- रोशन कोजू



पेज नं. ९
सुरक्षा कोषमा सहभागिता र करको प्रसंग
- रमेश ढुंगेल

आलेख

# सुरक्षा योजना र यसका अन्तरवस्तुहरु



आनन्द वंश न्यौपाने
सहायक निर्देशक, सा.सु. कोष

*नेपालमा नीजि क्षेत्रमा काम गर्ने श्रमिकको सामाजिक सुरक्षाको ग्यारेन्टी गर्ने गरी योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सुरु भएको थियो। सामाजिक सुरक्षा कोषमार्फत सञ्चालन भइरहेको यस योजनामा २०७६ श्रावण १ गतेबाट रोजगारदाता तथा योगदानकर्तको योगदान लिने प्रक्रिया सुरुवात गरिएको थियो। आ.ब. २०७६/७७ को समाप्तिसँगै सामाजिक सुरक्षा कार्यक्रम सुरुवातको पनि एक वर्ष पुरा भएको छ। २०७७ आषाढ मसान्तसम्म यस योजनामा १२ हजार ४७१ रोजगारदाता र १ लाख ६८ हजार २४२ जना योगदानकर्ता सूचीकृत भइसकेका छन्। यो सङ्ख्या बढ्ने क्रम जारी छ। यस अवधिमा १ अर्ब ६१ करोड ६८ हजार भन्दा बढी रुपैयाँ योगदान रकम सङ्कलन भएको छ। लकडाउन अवधिभरको नेपाल सरकारले कोषमा जम्मा गरिदिने सम्पूर्ण रकम जोड्दा यो अवधिको कुल सङ्कलित रकम अझै बढी हुन आउँछ। त्यसैगरी यो अवधिमा कोषले सञ्चालन गरेको औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनाबाट २५२ जना एवं दुर्घटना तथा अशक्तता सुरक्षा योजनाबाट १७ जना योगदानकर्ताले सुविधा पाइसकेका छन् भने आश्रित परिवार सुरक्षा योजनाबाट ६ जना आश्रितले मासिक रूपमा पेन्सन सुविधा र उनीहरूका सन्ततीले मासिक रूपमा सन्तती वृत्ति सुविधा लिइरहेका छन्। १२ जना योगदानकर्तालाई उपदान दाबी भुक्तानी पनि कोषले गरिसकेको छ। वर्षकै अन्त्यतिर लकडाउनका कारण समग्र अर्थतन्त्र नै प्रभावित बन्न पुगेपछि योगदानकर्ता तथा रोजगारदाताले कोषमा जम्मा गर्नुपर्ने चैत्र महिनाको रकम नेपाल सरकारले नै कोषमा जम्मा गरिदिने घोषणा गऱ्यो। यसबाट सुरक्षा कोषमा फागुनसम्म लगातार योगदान गरिरहेका करिब ३० हजार योगदानकर्ता तथा ८०० रोजगारदाता प्रत्यक्ष लाभान्वित बन्न पुगे। लकडाउनको अवधि लम्बिदै गएपछि योगदानकर्ता तथा रोजगारदाताले कोषमा जम्मा गर्नुपर्ने लकडाउन अवधिभरको रकम फेरिपनि नेपाल सरकारले नै कोषमा जम्मा गरिदिने बजेटमार्फत अर्को घोषणा गऱ्यो। सरकारको यस निर्णयबाट योगदानकर्ता तथा रोजगारदाता झनै उत्साहि देखिए। लकडाउनकै अविधमा करिब ३५० नयाँ रोजगारदाता तथा २५ हजार योगदानकर्ता कोषमा आबद्ध हुनुले पनि यसलाई पुष्टि गरेको छ। यसले योगदानकर्ता तथा रोजगारदाताको हितमा सरकार सधैँ कटिबद्ध छ र भविष्यमा पनि यो कटिबद्धता कायम रहिरहनेछ भन्ने कुरालाई सुनिश्चित गरको छ।*

यद्यपि अनुमान गरिएअनुरुप रोजगारदाता तथा श्रमिकहरु सामाजिक सुरक्षा कोषमा सुचिकृत भइरहेका छैनन्। कतिपयले कोषको कार्यक्रमलाई सहि ढंगले बुझ्न नसकेको देखिन्छ भने कतिले गलत तरिकाले व्याखा गरेको पनि पाइन्छ। अझै पनि धैरे मानिसहरुमा सामाजिक सुरक्षा कोषबाट सञ्चालनमा रहेको योगदानमा आधारित सामाजिक सुरक्षा योजना के हो? यसमा के कस्ता कार्यक्रमहरु छन्? यसबाट कसरी लाभान्वित हुने? लगायत यावत अन्य आधारभूत विषयहरुमा अन्योल कायम नै रहेको देखिएकोले यसका विषयवस्तुहरुमा प्रष्ट हुनु जरुरी छ।

## के हो योगदानमा आधारित सामाजिक सुरक्षा ?

आर्थिक रुपमा सक्रिय एवं स्वस्थ अवस्थामा देश विकासमा योगदान गरेकालाई उनीहरुको कठिन समय (जस्तै : बिरामी, बेरोजगारी, दुर्घटना, अशक्तता, प्रसुती, वृद्धावस्था आदि) सामना गर्नका लागि त्यस्तो विषम परिस्थितिमा साथ दिन सुनिश्चित गर्नु सरकारको विशेष दायित्व हो। यिनै जोखिम तथा जोखिमजन्य अवस्थालाई सामना गर्न सबैबाट थोरै अंशदानको माध्यमबाट एक मजबुत सामाजिक सुरक्षा प्रणालीको व्यवस्था गरिएको हुन्छ। सामाजिक सुरक्षा प्रणाली सरकारद्वारा सञ्चालित एक यस्तो कार्यक्रम हो, जसमा सरकारद्वारा निर्माण गरिएको कोष अथवा प्रणालीको उपयोग गरेर विषम परिस्थितिका कारण काम गर्न वा आय आर्जन गर्न सक्षम नभएकाहरुलाई भुक्तान गरिन्छ। अनपेक्षित परिस्थितिबाट सिर्जित अवस्थामा कसैले काम गर्न पाएन वा गर्न नसक्ने अवस्था भयो वा भइरहेको आयमा कुनै कारणले अवरोध सिर्जना भयो भने त्यो अवस्थामा आम्दानीकै कारण मान्छे भोकै पर्न नपरोस् भनेर स्थापना गरिएको प्रणाली हो, सामाजिक सुरक्षा योजना। *यसलाई काम गर्न सक्दासम्म आफैले योगदान गर्ने र कमजोर भएका बेला त्यही योगदानबाट सहयोग लिने प्रणालीको रुपमा बुझ्न सकिन्छ।*

संयुक्त राष्ट्र संघद्वारा जारी मानवाधिकार घोषणापत्रमा सामाजिक सुरक्षालाई मानव अधिकारकै रुपमा मानिएको छ। घोषणापत्रको अनुच्छेद २२ अनुसार सामाजिक सुरक्षा प्राप्त गर्नु मूल अधिकार हो भनिएको छ। सन् १९९२ मा अन्तराष्ट्रिय श्रम सङ्गठनद्वारा जारी सामाजिक सुरक्षा (न्यूनतम मापदण्ड), १०२' ले पनि सामाजिक सुरक्षाको प्रमुख क्षेत्रमा श्रमिकको हित र लाभका निम्ति न्यूनतम मानक निर्धारण गरेको छ।

सामाजिक सुरक्षा कोष
Social Security Fund

नेपालले पनि यो कन्भेन्सनको अनुमोदन गरेको छ। त्यसैले पनि नेपालका लागि श्रमिकको सामाजिक सुरक्षाका निम्ति उचित कदम अगाडि बढाउन आवश्यक रहेको थियो । यही परिदृश्यलाई अङ्गिकार गर्दै नेपाल सरकारले पनि सामाजिक सुरक्षा कोषमार्फत सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिरहेको हो । योगदानमा आधारित सामाजिक सुरक्षाअन्तर्गत रोजगारदाताले श्रमिकको आधारभूत तलवबाट ११ प्रतिशत रकम कट्टा गरी त्यसमा श्रमिकको आधारभूत तलवको २० प्रतिशत रोजगारदाताले थप गरी जम्मा ३१ प्रतिशत रकम कोषमा जम्मा गर्नुपर्ने प्राबधान रहेको छ। जसमध्ये वृद्धावस्था सुरक्षा योजनामा २८.३३ प्रतिशत, दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा १.४ प्रतिशत आश्रित परिवार सुरक्षा योजनामा ०.२७ प्रतिशत तथा औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनाका लागि १ प्रतिशत र आश्रित परिवार सुरक्षा योजनाका लागि ० २७ प्रतिशत रकम. छुट्याई योजना कार्यान्वयन गरिएका छन् । हाललाई नीजि सङ्गठित क्षेत्रका श्रमिकहरुलाईमात्र कोषमा आबद्ध गरिएकोमा निकट भविष्यमै अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुलाई पनि समाहित गर्ने ढङ्गले कोषले गृहकार्य गरिरहेको छ । आगामी वर्षहरुमा वैदिशक रोगगारमा रहेका नेपाली श्रमिक कामदारलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याउने लक्ष्य कोषले राखेको छ।

विशेषगरी सामाजिक सुरक्षा प्रणाली करमा आधारित र योगदानमा आधारित गरी दुई प्रकारका हुन्छन् । उदाहरणको रुपमा भन्नुपर्दा अहिले नेपाल सरकारले वृद्धवृद्धालाई दिने गरेको मासिक ३ हजार भत्ता कर उठाएर दिइएको हो। एकल महिला भत्ता, बेरोजगार भत्ता, अपाङ्ग भत्ता जे जति छन्, ती सबै नागरिकबाट उठेको करबाटै दिइएको हो । करमा कसैको योगदान रहेको हुन्छ भने कसैको नरहेको पनि हुन सक्छ, तर सुविधा पाउने बेला सबैले पाउँछन् । तर सामाजिक सुरक्षा कोषबाट हाल सञ्चालनमा रहको सामाजिक सुरक्षा योजना भने करमा आधारित नभई योगदानमा आधारित हो।

यसमा जोजो सहभागी हुन्छन् उनीहरु मात्र यसबाट लाभान्वित हुन्छन्, अरुचाहिँ हुँदैनन्। यसका पनि दुईवटा पाटाबारे जानकारी राख्दा अझ राम्रो हुन्छ। कोषको सामाजिक सुरक्षा प्रणालीलाई दुई प्रणालीको मिश्रण भनेर पनि बुझ्न सकिन्छ। एउटामा, व्यक्तिले कोषमा जम्मा गरेको योगदान रकम लगानी हुन्छ र प्रतिफलसहित पेन्सन पाउँछ। अर्को चाहिँ बीमा प्रणालीको रुपमा हेर्न सकिन्छ, जसको सबै बेलामा प्रतिफल पाइन्छ नै भन्ने हुँदैन। उदाहरणका लागि - तपाईंले गरेको योगदानबाट अरु कोही बिरामी परेको छ भने त्यो वर्ष अर्कोले सुविधा लिन सक्छ। कुनै बेला तपाई बिरामी पर्नु भो भने अरुको योगदानबाट तपाईंले सुविधा लिन सक्ने हुनुभयो । यो योजना कुनै पनि श्रमिक कर्मचारी आफ्नो सेवा अवधिभर उपचार लगायतका अन्य सेवा सुविधा र सेवापछि पेन्सनको हकदार बन्ने कार्यक्रम हो। साथै यो ऐक्यबद्धतामा आधारित प्रणाली पनि हो। अर्थात् एकएक मिलेर सबैलाई र सबै मिलेर एकलाई भनेजस्तै हो।

सरकारी सेवामा रहेकालाई मान र मानो दुबै दिने तर अन्य सेवामा रहेकालाई बेवास्ता गर्ने प्रचलनलाई सुधार गर्न थालिएको प्रयास पनि हो यो योजना। श्रमको सम्मान गर्ने सबैलाई श्रममा लाग्न प्रेरित गर्ने र आधुनिक सभ्य समाज अनुरुप र सिङ्गो समाज मिली सबैको संरक्षण गर्ने प्रणालीको सुरुवात हो। यो नयाँ प्रणाली हो जुन कुनै लक्षित उमेर समूह समुदायलाई मात्र होइन सबैका लागि हो। विश्वमा प्रचलित पद्दतिलाई विचार गर्दा सामाजिक सुरक्षामा सरकार, रोजगारदाता तथा कामदार अथवा यिनमा अन्य कोही सम्मिलित पनि रहेको पाउन सकिन्छ। नेपालमा पनि सरकार, श्रमिक प्रतिनिधि तथा रोजागारदाता प्रतिनिधि सहितको त्रिपक्षीय सहमतिमा अहिलेको सामाजिक सुरक्षा प्रणाली बनाइएको हो। वास्तवमा राज्यले आफ्ना नागरिकलाई उनीहरूको आयबाट सामाजिक सुरक्षाका लागि भुक्तान गर्न सक्षम बनाउनु आदर्शतम आदर्शतम परिदृश्य हो । सामाजिक सुरक्षा कोषले हाल सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरुलाई चारओटा योजनामा समाहित गरी सञ्चालन गरिरहेको छ।

## ऐक्यबद्धतामा आधारित प्रणाली


धेरैले स्वास्थ्य तथा दुर्घटना उपचारमा पाइने सुविधामा सामाजिक सुरक्षाका स्किम योगदानमा आधारित किन छैन भनेर प्रश्न गर्ने गर्नुहुन्छ । यो वास्तवमा ऐक्यबद्धतामा आधारित प्रणाली पनि हो भनेर बुझ्न जरुरी छ। अर्थात् एकएक मिलेर सबैलाई र सबै मिलेर एकलाई भने जस्तै हो। मासिक ६० हजार तलव खाने श्रमिकले गर्ने योगदान र २० हजार तलव खानेले गर्ने योगदान बराबरी त हुँदैन तर स्वास्थ्य उपचारमा सबैले सुविधा पाउँदा बराबरी पाउने हो। धेरै योगदान गर्नेले उपचार खर्च पाउने र थोरै योगदान गर्नेले उपचार खर्चै नपाउने भन्ने हुँदैन । यसलाई समाजवादको प्रारुपको रुपमा बुझ्दा पनि हुन्छ । समाजवादी प्रणाली भएका मुलुकहरुको सामाजिक सुरक्षा प्रणालीमा करिब यस्तै अभ्यास देखिन्छ । जस्तै- उत्तरी यूरोपका नार्दिक मुलुकहरु स्वीडेन, नर्वे, डेनमार्क, फिनल्याण्डमा पनि यस्तै खालको प्रावधान छ।

अन्त्यमा, सामाजिक सुरक्षा नागरिकको व्यक्तिगत कल्याणसँग मात्र नभई समग्र राष्ट्रिय आर्थिक समृद्धिसँग पनि जोडिएको हुन्छ। सामाजिक सुरक्षा कार्यक्रमले व्यक्तिको जीवनमा आइपर्न सक्ने अप्रत्यासित घटनाको जोखिम सामना गर्नका लागि आम्दानीको केही हिस्सा बँचाएर राख्न भन्दा पनि निर्धक्क साथ गरिमामय तथा गुणस्तरीय जीवनयापनका लागि आवश्यक वातावरण कायम गराई उचित व्यय गर्न सक्षम बनाउँछ। प्रभावकारी सामाजिक सुरक्षा नीति, श्रम संरक्षण कानुनलगायत स्वास्थ्य सुविधा तथा बेरोजगारी सुविधाद्वारा सामाजिक लागत न्यूनीकरण गरी कुशल श्रम क्षमतालाई सुरक्षित राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले सामाजिक सुरक्षा कार्यक्रमले नेपालको आर्थिक उन्नतिमा पनि उत्तिकै योगदान प्रदान गर्दछ। अहिले सरकार, श्रमिक तथा रोजागारदातासहितको त्रिपक्षीय सहमतिमा जुन सामाजिक सुरक्षा प्रणाली बनाइएको छ, यसलाई सकारात्मक रुपमा लिनुपर्छ। सामाजिक सुरक्षाको अन्तर्राष्ट्रिय अभ्यासलाई नियाल्दा पनि यो राम्रो कार्यक्रम हो। यसलाई सबै मिली सफल बनाउनुपर्छ। हरेक नयाँ कुरामा शङ्का गर्ने तथा नकारात्मक मात्र सोच्ने प्रवृत्ति त्याग्नुपर्छ। त्यसैले सकारात्मक सोच लिएर सामाजिक सुरक्षा योजनामा सहभागी बनौं।

अन्तर्राष्ट्रिय अभ्यास

# दक्षिण अफ्रिकामा सामाजिक सुरक्षाको स्वरुप

ऋषिराम पाण्डेय
प्रशासकीय अधिकृत, सा.सु. कोष



सामाजिक न्याय कायम गर्न र समाजलाई उन्नतिशील बनाउनका लागि सामाजिक सुरक्षाको महत्वपूर्ण भूमिका रहन्छ। राज्यले जनताका लागि निर्वाह गर्नुपर्ने दायित्वका रुपमा सामाजिक सुरक्षालाई हेरिन्छ। २१ औं शताब्दिको यो चरणमा आउँदा सामाजिक सुरक्षा प्रायः देशको प्राथमिकताको क्षेत्रमा परेको पाइन्छ। विभिन्न देशका भिन्दाभिन्दै सामाजिक सुरक्षासम्बन्धी व्यवस्था रहने भए पनि यसका मुख्यमुख्य मान्यताहरूमा समानता रहेकै पाइन्छ। दक्षिण अफ्रिकामा सामाजिक सुरक्षाको इतिहास पनि लामो रहेको छ। सामाजिक कल्याणको पहिलो कार्यक्रमका रुपमा सन् १६५७ मा भएको गरिबहरूका लागि राहात वितरण कार्यक्रम हो। त्यहाँ संस्थागत रुपमा सामाजिक कल्याणको शुरुवात भने सन् १८०६ मा ब्रिटिसहरूले केप कोलोनी कब्जा गरेपछि भएको हो। सामाजिक सुरक्षाको पहिलो कानुनका रुपमा भने रोजगारीजन्य चोटपटकसम्बन्धी कानुन १९१४ मा आएको थियो। त्यसपछि सन् १९२८ मा वृद्ध अवस्था सुरक्षासम्बन्धी कानुन आएको थियो। क्रमशः सन् १९३६ मा दृष्टिबिहिन सम्बन्धी, सन् १९४६ मा अपाङ्गता सम्बन्धी र सन् १९६६ मा बेरोजगार सम्बन्धी कानुन प्रकाशमा आएका थिए। दक्षिण अफ्रिकाको सामाजिक सुरक्षाअन्तर्गत दुई पक्षहरू महत्वपूर्ण छन्। पहिलो सामाजिक बीमा र अर्को सामाजिक सहयोग। सामाजिक बीमाले सानो क्षेत्रलाई ओगटेको छ भने सामाजिक सहायताले वृहत क्षेत्रलाई ओगटेको पाइन्छ।



### सामाजिक बीमाले ओगट्ने क्षेत्र

यसअन्तर्गत एक महिनामा २४ घण्टाभन्दा बढी काम गर्ने निजामती कर्मचारी, घरमा काम गर्ने श्रमिक, मौसमी श्रमिक र केही प्रकारका स्वरोजगारमा संलग्न व्यक्तिहरू पर्दछन्।

### सामाजिक सहयोगले ओगट्ने क्षेत्र

दक्षिण अफ्रिकाका स्थायी नागरिकहरू र दक्षिण अफ्रिकामा बसेका शरणार्थीहरू आदिलाई यसले समेट्छ। यसअन्तर्गत राज्यबाट सुविधा लिएका व्यक्तिहरू पर्दैनन्।

१ दक्षिण अफ्रिकि रेन्ड बराबर
**७.१८ नेपाली रूपैयाँ**
बिहिबार, २०२० जुलाई ३०

## सामाजिक सुरक्षासम्बन्धी मुख्यमुख्य सुविधाहरू

### १. वृद्ध अवस्था सुविधा

६० वर्षदेखि ७४ वर्षसम्मका योगदानकर्तालाई मासिक १७०० ऱ्याण्ड (अफ्रिकन मुद्रा) पेन्सनस्वरुप दिइन्छ भने ७५ वर्षपछि भने १७२० ऱ्याण्ड दिइन्छ। तीन महिना वा सो भन्दा बढी सरकारसँगको सम्झौतामा हुने हेरचाह सुविधामा रहेको व्यक्तिको बढीमा २५% सम्मको सुविधा कम गरिन्छ। वृद्ध अवस्था सुविधा पाउनका लागि योग्यताः ६० वर्ष पुगेको हुनुपर्ने र अन्य कुनै सामाजिक सहायता प्राप्त नगरेको हुनुपर्ने व्यवस्था रहेको छ।

### २. आश्रित परिवार सुविधा

यस्तो सुविधा मृत्यु भएको योगदाकर्ताको दैनिक तलवको ३८% देखि ६०% सम्म दिइन्छ। तलव बढी हुनेलाई कम प्रतिशत र तलव कम हुनेलाई बढी प्रतिशत प्राप्त हुन्छ। दैनिक तलवको गणना गर्दा मृतकको अन्तिम महिनाको तलवलाई १२ ले गुणन गरेर वा अन्तिम हप्ताको तलवलाई ५२ ले गुणन गरी ३६५ ले भाग गरेर निकालिन्छ। यदि मृतकको तलवमा धेरै नै उतारचढाव छ भने अन्तिम ६ महिनाको तलवको औषत निकालिन्छ।




### ३. बेरोजगारी सुविधा

बेरोजगार भएको १४ दिनपछि बढीमा २३८ दिनसम्मका लागि यस्तो सुविधा दिइन्छ। बेरोजगार सुविधा प्रदान गर्दा दैनिक औषत आय निकालिन्छ। दैनिक आय गणना योगदानकर्ताको अन्तिम महिनाको तलवलाई १२ ले गुणन गरेर वा अन्तिम हप्ताको तलवलाई ५२ ले गुणन गरी ३६५ ले भाग गरेर निकालिन्छ। यदि योगदानकर्ताको तलवमा धेरै नै उतारचढाव छ भने अन्तिम ६ महिनाको तलवको औषत निकालिन्छ। यस्तो सुविधा थोरै तलव हुनेलाई धेरै प्रतिशत र धेरै तलव हुनेलाई कम प्रतिशतका दरले दिइन्छ।

### ४. स्थायी रुपमा हुने अशक्तता सुविधा

कुनै योगदानकर्ता स्थायी रुपमा काम गर्न असक्षम भएमा बढीमा मासिक १७०० ऱ्याण्डसम्म प्राप्त गर्दछन्।

### ५. बालबच्चाको सुविधा

योगदानकर्ताका बच्चाहरूले १८ बर्षसम्म यस्तो सुविधा प्राप्त हुन्छ। यदि बिद्यार्थी नै रहेमा यस्तो सुविधा २१ वर्षसम्म कायम रहनेछ। प्रत्येक बच्चालाई मासिक ९२० ऱ्याण्डका दरले प्रदान गरिन्छ।

### ६. बिरामी र मातृत्व सुविधा

काम गर्न असक्षम भएको र सामान्य रुपमा पाउने तलवभन्दा कम प्राप्त गरेको अवस्थामा बिरामी बिदा प्राप्त गर्न सकिन्छ। यसमा ३८% देखि ६०% सम्म सुविधा प्राप्त हुन्छ। आम्दानीको स्तरअनुसार यस्तो सुविधा प्राप्त हुन्छ। यो सुविधामा पनि कम आम्दानी हुनेले बढी प्रतिशत र बढी आम्दानी हुनेले कम प्रतिशत रकम प्राप्त गर्ने गर्दछन्। यस्तो सुविधा दिदा प्रत्येक चार वर्षमा जम्मा भएको क्रेडिटका आधारमा बढीमा ३६५ दिनसम्म दिइन्छ। सो अवधिभित्रमा उपभोग गरेको अन्य विविध सुविधाहरूको क्रेडिट घटाइन्छ। मातृत्व सुविधा १९९ दिनदेखि २३८ दिनसम्म आधारभूत तलवको ६६% र त्यसपछि ३६५ दिनसम्म २०% प्राप्त हुन्छ। यस्तो सुविधा योगदानकर्ताको रेकर्डमा आधारित हुन्छ।

यी सुविधाहरू बाहेक पनि विभिन्न सुविधाहरू रहेका छन्। दक्षिण अफ्रिकाको सामाजिक सुरक्षाको प्रावधानले कम आम्दानी हुनेहरूलाई सामाजिक रुपमा सम्मानजनक जीवनयापन गर्नका लागि ठूलो योगदान गरेको छ। त्यहाँ सामाजिक न्याय कायम गर्नका लागि सामाजिक सुरक्षाको महत्वपूर्ण भूमिका देखिन्छ। विश्व श्रम संगठनले अगाडि सारेका सामाजिक सुरक्षासम्बन्धी मान्यताहरूलाई त्यहाँको सामाजिक सुरक्षा प्रणालीले भरमग्दुर रुपमा समेट्ने प्रयास गरेको पाइन्छ।

## बारम्बार सोधिने प्रश्नहरु

# आफ्नो खातामा कोषको योगदान रकम जम्मा भएनभएको कसरी हेर्ने ?




रोशन कोजू, पि.एच.डी
निर्देशक, सा.सु.कोष


***सामाजिक सुरक्षा योजनाहरूको लाभ लिनका लागि योगदनकर्ताहरूले आफ्नो आधारभूत पारिश्रमिकको ३१% रकम कोषमा नियमित योगदान गर्नुपर्ने हुन्छ । सो रकम रोजगारदाताले हरेक महिना मरेको १५ दिनभित्र जम्मा गरिसक्नुपर्ने प्रावधान छ ।***

रोजगारदाताले तपाईं योगदनकर्ताको कोषमा रहेको खातामा रकम जम्मा गरिदिएको या नगरिदिएको निम्न तरिकाले हेर्न सकिन्छ :


१. तपाईंको कम्प्युटरको जुनसुकै browser बाट https://sosys.ssf.gov.np मा जानुहोस् र जम्मा भएको रकम हेर्नका लागि contributor portal मा click गर्नुहोस् ।




२. नयाँ खुल्ने page मा आफ्नो credentials हरू भर्नुहोस् ।




२. त्यसपछि खुल्ने नयाँ पेजबाट Report menu मा click गर्नुहोस् ।





**Contributor Dashboard**

३. नयाँ खुल्ने पेजमा Report type मा contribution छान्नुहोस् ।




४. त्यसपछि तपाईंले कुन समयावधिको योगदान रकम जम्मा हेर्न खोज्नुभएको हो त्यो प्रविष्टि गर्नुहोस् र view मा click गर्नुहोस् ।





५. तपाईंको report pdf मा हेर्न सकिनेछ ।

*** *** *** *** *** ***

# वृद्धावस्था सुरक्षा योजना

## वर्तमानमा किन महत्वपूर्ण छ ?



### मानिसको आयु

उमेर बढ्दै जाँदा स्वास्थ्यमा पनि समस्या बढ्दै जान्छ, यसका लागि मनग्य रकम चाहिन सक्छ। वृद्धावस्था सुरक्षा योजनामा आज गरिएको योगदानले सुखमय अवकाश जीवनको सुनिश्चितता प्रदान गर्दछ।

### कहिलेसम्म काम गर्न सकिन्छ, कसैलाई पनि थाहा छैन ।

भोलि आइपर्न सक्ने संकटपूर्ण घडिको लागि सधै तयारीमा बस्नुपर्छ। आज वृद्धावस्था सुरक्षा योजनामा रकम जम्मा नगरेकोमा भविष्यमा माफि पाइने छैन।

### तपाईको सुखमय अवकाश जीवनका लागि भविष्यमा आफ्ना सन्ततीमा भर पर्नु पर्दैन।

यदि तपाईले आजै वृद्धावस्था सुरक्षा योजनामा योगदान सुरु गर्नुभयो भने भविष्यका आफ्ना सन्ततीमा तपाईकै हेरचाहका लागि भर पर्नु पर्दैन र उनीहरुलाई पनि थप भार पर्दैन।

सामाजिक सुरक्षा कोष
SOCIAL SECURITY FUND

सुरक्षित भविष्यका लागि............

# सामाजिक सुरक्षामा सहभागिता र करको प्रसङ्ग



रमेश ढुंगेल
लेखा अधिकृत, सा.सु. कोष

**कर प्रणालीः एक झलक**

*सरकारले व्यक्ति वा कुनै पनि निकायबाट अनिवार्य रुपमा उठाउने वित्तीय शुल्कलाई नै कर भनिन्छ। कर तिर्नु प्रत्येक नागरिकको अनिवार्य दायित्य हो। करदाताले कर भुक्तानी गरेबापत सरकारबाट त्यसै समयमा सोही करको बदलामा प्रत्यक्ष रुपमा केही पनि प्राप्त गर्दैन तथापि सरकारले उठाएको कर सम्पूर्ण जनताको सामूहिक हितका लागि खर्च गर्दछ जसको अप्रतक्ष्य भागिदार स्वयं करदातासमेत हुने गर्दछ। अर्थशास्त्री Taylor को करसम्बन्धी परिभाषालाई एक महत्वपूर्ण परिभाषा मानिन्छ। उनका अनुसार नागरिकले प्रत्यक्ष फाइदाको आशा नगरी सरकारलाई अनिवार्य रुपमा बुझाएको रकम नै कर हो।*

*नेपालमा आधुनिक कर प्रणालीको औपचारिक एवं वैधानिक सुरुवात बि. सं. २००७ सालको प्रजातन्त्रपछि भयो। बि.सं. २००७ सालको संबिधान र त्यसपछिका सबै संबिधानले करसम्बन्धी व्यवस्थालाई उल्लेख गर्दै कर प्रशासनलाई विकसित गरेको इतिहास छ। वर्तमान नेपालको संबिधानको भाग १० धारा ११५(१) मा कानुनबमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन भनिएको छ। त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४, आयकर ऐन, २०५८ र नियमावली, २०५९ आदिले करसम्बन्धी विभिन्न व्यवस्थाहरू गरेको पाइन्छ।*

*कर राजश्वलाई दुई भागमा बाँड्ने गरिन्छ जसअन्तर्गत प्रत्यक्ष कर र अप्रत्यक्ष कर पर्दछन्। कर तिर्ने र करको भार वहन गर्ने व्यक्ति एउटै छ भने त्यसलाई प्रत्यक्ष कर भनिन्छ। यसमा सरकारले जुन व्यक्तिलाई कर लगाउँछ, सोही व्यक्तिले आफ्नो श्रोतबाट कर तिर्नुपर्ने हुन्छ अर्को व्यतिमा सार्न सकिदैन। प्रत्यक्ष करमा मौद्रिक भार (Monetary Burden) र अन्तिम भार (Incidence) एकै व्यक्तिमा पर्दछ। यस्तो कर सामान्यतया व्यक्तिको आम्दानी, सम्पत्ति, पुँजीगत लाभ आदिमा लाग्दछ। जुन व्यक्तिको आम्दानी तथा सम्पत्ति कानुनले तोकेभन्दा बढी हुन्छ त्यो व्यक्ति मात्र यस करको भागिदार हुन्छ। आयकर, सम्पत्ति कर, व्याज कर, आकस्मिक लाभ कर, सवारी कर आदि प्रत्यक्ष करका उदाहरण हुन्।*

*त्यसैगरी उत्पादन र उपभोगमा लाग्ने कर अप्रत्यक्ष कर हो। यसअन्तर्गत भन्सार शुल्क, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर आदि पर्दछन्। नेपालमा कर राजश्वमा अप्रत्यक्ष करको हिस्सा करिब ७०% छ भने प्रत्यक्ष करको हिस्सा ३०% रहेको छ। अप्रत्यक्ष करमा सबैभन्दा बढी हिस्सा मूल्य अभिवृदि कर (VAT) को रहेको छ। प्रत्यक्ष करमा आयकरको हिस्सा बढी रहेको छ।*

**सामाजिक सुरक्षा कोषमा कर छुटको प्रावधान**

सामाजिक सुरक्षा कोषमा आबद्ध योगदानकर्ताको हकमा १% सामाजिक सुरक्षा कर छुट हुने व्यवस्था छ, साथै करदाता सामाजिक सुरक्षा कोषमा आबद्ध भएको खण्डमा करयोग्य आय गणना गर्दा घटाउन पाउने रकमअन्तर्गत रु.५००,०००।– सम्म घटाउन पाउने व्यवस्था छ जुन कर्मचारी संचय कोष र नागरिक लगानी कोषमा योगदान गरेबापत घटाउन पाउने भन्दा रु.२००,००० ले बढी हो। यसरी कर्मचारी संचय कोषमा भन्दा सामाजिक सुरक्षा कोषमा योगदान गर्दा कम कर दिर्दा हुने देखिन्छ। साथै विभिन्न प्रतिष्ठानले कर्मचारीको सुनौलो भविष्यका लागि व्यवस्था गरेको अवकाश कोषको रकम २०७७ चैत्र मसान्तसम्ममा सामाजिक सुरक्षा कोषमा जम्मा गरेको खण्डमा उपदान भुक्तानीसरह मानी कर छुट हुने अन्यथा चैत्र मसान्तपछि आम्दानी मानी आयमा लगाएसरह कर लाग्ने व्यवस्था आ. ब. २०७७/७८ को बजेटले गरेको छ। यसको अर्थ कर बचतको हिसाबबाट कोषमा योगदान गर्नु फाइदाजनक छ।

**सामाजिक सुरक्षा कोषमा सहभागी हुँदा आयकरमा पर्ने प्रभाव**

कुनै पनि देशको सरकारले सामाजिक सुरक्षा सञ्चालन गर्ने दुई प्रकारका वित्तीय स्रोत रहन्छन्। एउटा स्रोत कर हो भने अर्को स्रोत योगदानकर्ताको योगदान। सरकारका सबै सामाजिक सुरक्षाका कार्यक्रमहरू राज्यको राजश्व/ करबाट संचालित गर्दा राज्यको धेरै जसो आम्दानी सामाजिक सुरक्षामा खर्च हुने गर्छ। त्यसो गर्दा पुँजीगत खर्च कम भई विकासले गति लिन नसक्ने तथा राज्यलाई दिर्घकालमा चालु खर्चमा अधिक व्ययभार पर्ने गर्छ। सोही कुरालाई दृष्टिगत गरि विश्वव्यापी रुपमा अभ्यासमा रहेको योगदानमा आधारित सामाजिक सुरक्षालाई नेपाल सरकारले पनि संचालनमा ल्याएको छ।

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा सहभागी हुँदा व्यक्तिको आयकरको गणनामा प्रत्यक्ष प्रभाव पर्दछ। आयकर ऐन, २०५८ ले व्यवस्था गरेको आय कर गणना र कर कट्टिसम्बन्धि व्यवस्थामा रहेर योगदानकर्ताले योगदान रकम कर्मचारी संचय कोषमा जम्मा गर्दा र सामाजिक सुरक्षा कोषमा जम्मा गर्दा हुने करयोग्य आम्दानी र लाग्ने आयकर तुलनात्मक रुपले प्रस्तुत गरिएको छ। श्रम ऐनले कुल आम्दानीको कम्तिमा ६०% आधारभूत पारिश्रमिक हुनुपर्ने व्यवस्था गरेको हुनाले सोही आधारमा काल्पनिक उदाहरणमार्फत करको विषयलाई प्रष्ट पार्ने प्रयास गरिएको छ। यस उदाहरणमा व्यक्तिको मासिक आधारभूत पारिश्रमिक रु ३०,०००/- भत्ता रु २०,०००/- र वार्षिक चाडपर्व खर्च तथा अन्य रु १,००,००० मानिएको छ। त्यसैगरी, सामाजिक सुरक्षा कोषमा नजाँदा उपदानबापत संस्थाले गर्नुपर्ने व्यवस्था रिजर्भको रुपमा रहने हुँदा व्यक्तिको सोही वर्षको करयोग्य आम्दानीमा समावेश गरिएको छैन।

| विवरण | कर्मचारी सञ्चय कोष (रु) | सामाजिक सुरक्षा कोष (रु) |
|---|---|---|
| आधारभूत पारिश्रमिक - ६०% (३०,०००×१२) | ३,६०,००० | ३,६०,००० |
| भत्ता - ४०% (२०,०००×१२) | २,४०,००० | २,४०,००० |
| रोजगारदाताले गर्ने योगदान | | |
| ३,६०,०००×१०% ( क. सं. कोषमा जम्मा गर्दा) | ३६,००० | |
| ३,६०,०००×२०% (सा. सु. कोषमा जम्मा गर्दा) | | ७२,००० |
| चाडपर्व खर्च तथा अन्य | १,००,००० | १,००,००० |
| निर्धारण/ गणनायोग्य आय | ७,३६,००० | ७,७२,००० |

करयोग्य आय विवरण

| विवरण | PF रकम (रु) | SSF रकम (रु) |
|---|---|---|
| रोजगारबाट प्राप्त गणनायोग्य आय | ७,३६,००० | ७,७२,००० |
| घटाउने: | | |
| क. सं. कोषमा वा सा. सु. कोषमा गरेको वास्तविक योगदान | | |
| (३,६०,०००×२०%) | ७२,००० | |
| (३,६०,०००×३१%) | | १११,६०० |
| वा गणनायोग्य आयको १/३ भाग | | |
| वा अधिकतम सीमा: (३०००००० क. सं. कोष, ५००००० सा. सु. कोष) मध्ये जुन कम हुन्छ | | |
| जीवन बिमा (वास्तविक वा अधिकतम रू २५००० मध्ये जुन कम हुन्छ ) | - | - |
| कुल करयोग्य आम्दानी | ६,६४,००० | ६,६०,४०० |

कर गणना (करदाता दम्पती मान्दा)

| विवरण | क. सं. कोष (रू) | सा. सु. कोष (रू) |
|---|---|---|
| पहिलो स्ल्याब ४५००००@१% | ४,५०० | १% कर नलाग्ने |
| अर्को १०००००@१०% | १०,००० | १०,००० |
| बाँकी १,१४,०००@२०%(PF) | २२,८०० | |
| १,१०,४००@२०%(SSF) | | २२,०८० |
| कुल कर दायित्व | ३७,३०० | ३२,०८० |


माथिको उदाहरणबाट के प्रष्ट हुन्छ भने उति नै आम्दानी प्राप्त गर्ने व्यक्ति सामाजिक सुरक्षा कोषमा आबद्ध हुँदा आम्दानीमा तिर्नुपर्ने कर दायित्व कम हुन पुग्छ ।

**अन्त्यमा,** Tax Planning बढी आर्जन गर्ने व्यक्तिको सन्दर्भमा एउटा महत्वपूर्ण विषय हो । हुन त करारोपण गर्दा व्यक्तिको तिर्न सक्ने क्षमता (Ability to pay) लाई महत्वका साथ हेरिएको हुने हुनाले जति नै योजना बनाए पनि कर तिर्नबाट उम्कन भने पाइन्न तर कोषमा आबद्ध हुँदा केही कर बचत अवश्य हुन्छ ।

## कोषका गतिविधिहरू

## समाज कल्याण परिषदले जारी गऱ्यो सूचीकरण सम्बन्धि सूचना

कोभिड माहामारी सँगसगै सामाजिक सुरक्षा कोषको औचीत्य थप स्पष्ट भएको छ । यसै सिलसिलामा समाज कल्याण परिषदसँग आवद्ध सम्पूर्ण गैरसरकारी संघ संस्थाहरुलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत हुन अनुरोध सहितको सूचना जारी गरेको छ।



समाज कल्याण परिषद्

पत्र संख्या
च.नं.

केन्द्रीय कार्यालय
पुल्चोक
ललितपुर, नेपाल

गैरसरकारी संघ-संस्थाहरुलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत हुन
समाज कल्याण परिषद्को अत्यन्त जरुरी
सूचना

मिति : २०७७/०४/२६

श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा कोषमा संस्था तथा कर्मचारी सूचीकरण गराउनु अनिवार्य भएको हुँदा परिषद्संग आवद्ध भएका तथा सम्फौता गरी कार्यरत सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु सामाजिक सुरक्षा कोषमा सूचीकरण गराउन सामाजिक सुरक्षाकोषको मिति २०७७/०४/२१ को पत्रबाट लिखित रुपमा अनुरोध भई आएकाले सबै गैरसरकारी संघ-संस्थाहरुलाई सूचीकृत हुन अनुरोध गरिन्छ ।

समाज कल्याण परिषद्
हरिहरभवन, ललितपुर ।
फोन नं. ०१-५५५५४४८

पोष्ट बक्स: २९४८, काठमाडौं, फ्याक्स +९७७-०१-५५५५७७८,
टेलिफोन नं.: ०१-५५५५४४८, ५५५५४९४, ५५५५४९५, इमेल: info@swc.org.np, Website: www.swc.org.np

## निर्देशक भट्टराईलाई विदाई

सामाजिक सुरक्षा कोषले एक कार्यक्रमका बीच समाजिक सुरक्षा कोषका निर्देशक रमा भट्टराईलाई विदाई गरेको छ । सरकारले दक्षिण कोरियाको श्रम काउन्सलरको रुपमा नियुक्त गरेपछि निर्देशक श्री रमा भट्टराईलाई श्रावण १४ गते विदाई गरिएको हो । "असल श्रम सम्बन्धको आधार, सामाजिक सुरक्षा र रोजगार" भन्ने मूल नाराका साथ स्थापना भएको कोषमा २०७५ साल कार्तिक ५ गतेदेखि २०७७ असार २ गतेसम्म निर्देशक भट्टराई कार्यरत हुनुहुन्थ्यो । विदाई समारोहमा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले कोषको तर्फबाट मायाको चिनो तथा कोषका उपकार्यकारी निर्देशक विवेक पन्थीले प्रशंसा-पत्र प्रदान गर्नुभयो । सो अवसरमा कोषका कार्यकारी निर्देशक ज्ञवालीले निर्देशक भट्टराईले कोषमा पुऱ्याउनु भएको योगदानको चर्चा गर्नुभयो । विदाई समारोहमा संक्षिप्त सम्बोधन गर्दै निर्देशक भट्टराईले सरकारले ल्याएको नयाँ योजना सबैमाझ पुऱ्याउनु निकै चुनौतिपूर्ण रहेको स्मरण गर्नुभयो । जहाँ भए पनि सधैँ सामाजिक सुरक्षा कोषसँगै रहने भन्दै निर्देशक भट्टराईले कोरियामा रहेका नेपाली श्रमिकहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन विशेष समन्वय गर्ने समेत बताउनुभयो । विदाई समारोहमा कोषका कर्मचारीहरूको पनि उपस्थिति रहेको थियो ।



## सामाजिक सुरक्षा कोष र नेपाल बीमक संघबिच अन्तर्क्रिया कार्यक्रम सम्पन्न

सामाजिक सुरक्षा कोषमा सूचीकृत हुने तथा कोष र निर्जीवन बीमकबिच आगामी दिनमा कसरी सहकार्य गरी अगाडि बढ्ने भन्ने बिषयमा सामाजिक सुरक्षा कोष र नेपाल बीमक संघबिच अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । बीमक संघको आयोजनामा श्रावण १९ गते सम्पन्न उक्त कार्यक्रममा बोल्नुहुँदै बीमक संघका अध्यक्ष दिपप्रकाश पाण्डेले अधिकांश बीमा कम्पनीहरू कोषमा सूचीकरण भईसकेको हुनाले कर्मचारीलाई सूचिकृत गराउने तथा योगदान शुरु गर्ने कुराबाट आफूहरू पछि हट्न नसक्ने धारणा व्यक्त गर्नुभयो । बीमकहरूको जिज्ञाशाको प्रतिउत्तर दिनुहुँदै कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले देखिएका केही दुविधाहरू सम्बोधन गर्दै अघि बढ्न कोष सदैव तयार रहेको जानकारी गराउनुभयो ।

सामाजिक दूरीलगायत सम्पूर्ण सावधानीहरू सहित ठमेल स्थित छायाँ सेन्टरमा आयोजित उक्त कार्यक्रममा कोषको तर्फबाट उप निर्देशक दिनेश कुमार कोइरालाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा कोषको तर्फबाट कार्यकारी निर्देशक कपिलमणि ज्ञवाली, निर्देशक कृष्ण अधिकारी, उप निर्देशक दिनेश कुमार कोइराला र वरिष्ठ सहायक निर्देशक मञ्जु थापाको उपस्थिति रहेको थियो । बीमक संघको तर्फबाट बीस ओटै निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत, वित्त शाखा प्रमुख र प्रशासन प्रमुखहरूको उपस्थिति रहेको थियो ।



| श्रावण मसान्तसम्ममा कोषमा आबद्ध रोजगारदाता, योगदानकर्ता र जम्मा योगदान रकमको विवरण | | | | श्रावण मसान्तसम्ममा कोषमा आबद्ध रोजगारदाता, योगदानकर्ता र जम्मा रकमको विवरण | |
|---|---|---|---|---|---|
| अवधि | रोजगारदाता | योगदानकर्ता | जम्मा योगदान रकम(रु) | बीमा दाबी भुक्तानी शीर्षक | संख्या |
| २०७६- श्रावण मसान्तसम्म | ४२३२ | ३२५७५ | - | औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा दाबी भुक्तानी | ३५० |
| २०७६- भाद्र मसान्तसम्म | ४९१५ | ५२७२२ | १५८०७५६४.९ | | |
| २०७६- आश्विन मसान्तसम्म | ८४४२ | ९३९६० | ६६५२६८१६.९ | | |
| २०७६- कार्तिक मसान्तसम्म | ९३५९ | १०५९८९ | १४१९१५१६८.२ | | |
| २०७६- मंसिर मसान्तसम्म | ११७९६ | १३१५१९ | २८२३९५३५३.८ | दुर्घटना तथा असक्तता दाबी भुक्तानी | २६ |
| २०७६- पौष मसान्तसम्म | १२०३४ | १३६८४७ | ४३१७६२७०६. | | |
| २०७६- माघ मसान्तसम्म | १२१४८ | १४५३८३ | ६२१३७५९१२.३ | | |
| २०७६- फाल्गुन मसान्तसम्म | १२२८७ | १५१९०८ | ७८१४६५३५९.८ | आश्रित परिवार सुरक्षा दाबी भुक्तानी | ९ |
| २०७६- चैत्र मसान्तसम्म | १२३२० | १५६६४८ | ८८६११७३९०.६ | | |
| २०७७- वैशाख मसान्तसम्म | १२३३५ | १५७९१६ | १०२१६०००२३.४६ | | |
| २०७७- जेष्ठ मसान्तसम्म | १२३६० | १६१५८८ | १२०६४८२७३१.६४ | उपदान दाबी भुक्तानी | १९ |
| २०७७- आषाढ मसान्तसम्म | १२४७९ | १६८२४२ | १६१६८३९७६८.९४ | | |
| २०७७- श्रावण मसान्तसम्म | १२६१७ | १७१२५४ | १६७ ००६६१२३.९ | | |


सामाजिक सुरक्षा कोषद्वारा प्रकाशित

*संरक्षक :*

*कपिलमणि ज्ञवाली*

*सल्लाहकार :*

*विवेक पन्थी*

सम्पादन समूहः

*रोशन कोजू, पि.एच.डी.*

*दिनेशकुमार कोइराला*

*आनन्द वंश न्यौपाने*

*दिपकराज भट्ट*

*ऋषिराम पाण्डेय*



*सामाजिक सुरक्षा कोष*

*बबरमहल, काठमाण्डौ, नेपाल*

*फोनः ४२५६१४४ र ४२५६३१५*

*ई-मेलः* media@ssf.gov.np

*वेबसाइटः* www.ssf.gov.np





@ssfnepal2011

@ssf_nepal

Social Security Fund Nepal

SSFNepal